# प्रदेश लोक सेवा आयोग

## मधेश प्रदेश, जनकपुरधाम

### प्रशासन शाखा

**प्रदेश निजामती सेवाका अधिकृत सातौं तह (अप्राविधिक/प्राविधिक) पदको बढुवाको सूचना**

**सूचना नं. १७/०७९-८०** **प्रकाशन मिति : २०७९/७/२४**

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश को वेबसाइट ppsc.p2.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारबाही गरिने छैन।

यसरी पर्न आएका दरखास्त फारामहरुलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(घ) दरखास्तसाथ सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

(च) दरखास्त दस्तुर सातौं तहको लागि रु. १,०००।- (एक हजार) बुझाउनु पर्नेछ।

(छ) दरखास्त दस्तुर बुझाउने विधि र स्थान :- प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००१००१००००१ मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामवाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ।

(ज) दरखास्त दिने अन्तिम मिति :- २०७९/८/१४ र दोब्बर दस्तुर तिरी २०७९/८/२१ सम्म

| क्र. सं. | बढुवा सूचना नम्बर | पद, सेवा, समूह, उपसमूह | पद संख्या | क्र. सं. | बढुवा सूचना नम्बर | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|---|
| (अ) | अप्राविधिकतर्फ अधिकृत सातौं तह | | | | | | |
| १ | ३१/०७९-८० | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन | ५(पाँच) | २ | ३२/०७९-८० | लेखा अधिकृत, प्रशासन सेवा, लेखा | ३(तीन) |
| (आ) | प्राविधिकतर्फ अधिकृत सातौं तह (स्वास्थ्य सेवा वाहेक) | | | | | | |
| १ | ३३/०७९-८० | इञ्जिनियर, इन्जि., सिभिल, हाइवे | २(दुई) | २ | ३४/०७९-८० | इञ्जिनियर, इन्जि., सिभिल,स्यानिटरी | १(एक) |
| ३ | ३५/०७९-८० | इञ्जिनियर, इन्जि., सिभिल, इरिगेशन | ३(तीन) | ४ | ३६/०७९-८० | इञ्जिनियर, इन्जि., सिभिल, जनरल | १(एक) |
| ५ | ३७/०७९-८० | इञ्जिनियर, इन्जि., सिभिल, वि.एण्ड आ. | १(एक) | ६ | ३८/०७९-८० | इञ्जिनियर, इन्जि., इलेक्ट्रिकल | १(एक) |
| ७ | ३९/०७९-८० | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री | ३(तीन) | | | | |